नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः-
च.नं.:-

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूले आज उपप्रधानमन्त्री एवम् गृह मन्त्री श्री रवि लामिछानेज्यूबाट देशभरको मनसुनजन्य विपद्, पूर्वतयारी, भएको क्षति तथा विपद् प्रतिकार्यमा भए गरेका कामकारवाही बारेमा जानकारी लिनुभएको छ।

त्यसक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले मनसुनजन्य विपद्मा परी ज्यान गुमाउने नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो। साथै उहाँले विपद्को कारण उच्च जोखिममा रहेका नागरिकहरूको जीउज्यानको रक्षा, विपद्बाट हुनसक्ने क्षति न्यूनीकरण तथा उद्धार र राहतमा अहोरात्र खटिई पुऱ्याएको योगदानका लागि सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी, तीनवटै तहका सरकार, आम नागरिक तथा राजनीतिक दलहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो।

सम्माननीय प्रधानमन्त्रीज्यूले यसवर्ष औषतभन्दा अधिक वर्षा हुने पूर्वानुमान बमोजिम नागरिकलाई सुसूचित गर्नुका साथै पूर्वतयारीलाई चुस्त बनाइएकोले क्षति कम गर्न सहयोग पुगेको बताउनुभयो। उहाँले सबै तहका सरकारी निकाय मातहत रहेको स्रोत, साधन र जनशक्तिको प्रभावकारी परिचालन गरी क्षति न्यूनीकरणका लागि सम्पूर्ण सरकारी, गैरसरकारी संस्था र आम नागरिकसमेत समन्वयात्मक रूपमा क्रियाशील हुन निर्देश गर्नुभयो। सम्माननीय प्रधानमन्त्रीज्यूले मनसुन जारी रहेकाले उच्च सतर्कता अपनाउन, जोखिममा रहेकालाई सुरक्षित स्थानमा लैजान, सडक विभागसँगको समन्वयमा अवरुद्ध सडकहरू सुचारु गराउन र विपद्बाट पीडितहरूको उद्धार, राहत तथा पुनर्स्थापनाको कामलाई तीव्रता दिन समेत निर्देशन दिनुभयो।

२०८१ असार २३ गते, आइतबार।

प्रेमप्रसाद आचार्य
प्रवक्ता